# अनलाइन बाइबल क्वेश्ट–२०२० का जानकारीहरू

**व्यवस्था अवलोकनः**

बाइबल क्वेश्ट –२०२०, अनलाइन अनि अफलाइन (कागज) दुवैमा आयोजना हुनेछ। अनलाइन सहभागीहरूले तोकिएको समयमा कुनै पनि ठाउँबाट एन्ड्रोइड मोबाइल अनि कम्प्युटर (ल्यापटप)बाट भाग लिन सक्नेछन्। कागज (अफलाइन) मा परीक्षा दिनेहरूले सदा झैं परीक्षा केन्द्रमा गएर भाग लिनसक्नेछन्। यद्धपि पञ्जीकरण (रेजिस्ट्रेसन) भने सबैले अनलाइन Bible Quest website मा गएर गर्न पर्नेछ। यदि कसैलाई रेजिस्ट्रेसन गर्न असुविधा भए हामीलाई अनलाइन सम्पर्क गर्नुहोला हामी अरू वैकल्पिक व्यवस्था गरिदिने कोशिश गर्नेछौं।

**रेजिस्ट्रेसन फारम भर्ने प्रक्रियाः**

अनलाइन बाइबल क्वेश्ट–२०२० को रेजिस्ट्रेसन १० सितम्बर २०२० देखि शुरू हुनेछ।

website: https://biblequest.in

रेजिस्ट्रेसन शुल्कः **रूपियाँ ३०/–** प्रति व्यक्ति।

१. रेजिस्ट्रेसन दुइ प्रकारले गर्न सकिन्छ– व्यक्तिगत र सामूहिक

क. व्यक्तिगत रेजिस्ट्रेसन भनेको जसले सिधै बाइबल क्वेश्टको वेवसाइटमा गएर अनलाइन फारम भर्छन् अनि अन्य सबै जानकारीहरू पनि इमेलद्वारा लिन्छन्।

ख. सामूहिक रेजिस्ट्रेसन भनेको परीक्षा केन्द्रका प्रभारी ( Center -In-charge) द्वारा गर्न सकिन्छ, यदि त्यहाँ १० जना भन्दा बढ़ी सहभागीहरू छन् भनेमात्र।

I. ओनलाइन फारम भर्नेहरूका निम्तिः रेजिस्ट्रेसन पशचात सबै सहभागीहरुका यूजर लगइन (User Login) सिस्टमले आफै जेनरेट गरेर इमेल मार्फत केन्द्र प्रभारी कहाँ पठाइदिनेछ। केन्द्र प्रभारीले आफ्नो केन्द्रका सबै सहभागीहरुलाई उनीहरुका यूनिक यूजर लगइन (Unique User Login) पठाईदिनेछन् ताकि सहभागीहरुले बाइबल क्वेश्टमा भाग लिन सकून्।

II. सहभागीहरूले अनलाइन परीक्षामा बस्दा आफ्नो नाउँ, उमेर,सम्पर्क मोबाइल नम्बर इत्यादि मागिएका सबै जानकारीहरु भर्नुपर्नेछ।

III. अफलाइन तथा कागजमा परीक्षा दिनेहरुका निम्तिः सहभागीहरूको परीक्षा केन्द्र प्रभारीले रेजिस्ट्रेसन फारम भर्ने प्रक्रिया पूरा गर्नुपर्छ। परीक्षाको निम्ति प्रश्न पत्र र उत्तर पत्रहरू पठाइएको लिंकबाट डाउनलोड गर्नुपर्छ अनि प्रभारीले नै छापेर परीक्षा केन्द्रमा ल्याउनुपर्छ।

ग. रेजिस्ट्रेसन शुल्क तिर्नु भएपछिमात्र तपाईंको रेजिस्ट्रेसन पूर्ण र मान्य गनिनेछ। सामूहिक रेजिस्ट्रेसनको निम्ति कति जम्मा मोठ शुल्क तिर्नु पर्ने हो सो शुल्कमा पाइने छुट काटेर सिस्टममा देखाइनेछ। परीक्षा केन्द्र प्रभारीलाई प्रत्येक सहभागीबाट रेजिस्ट्रेसनको निम्ति मात्र रू०३०/- संकलन गर्ने अधिकार दिइएको छ। रेजिस्ट्रेसन शुल्क अनलाइन— नेट व्याँकिङ, क्रेडिड/डेबिड कार्ड तथा वालेटबाट पनि दिन सकिन्छ। (यदि कुनै केन्द्र प्रभारीलाई अनलाइन पैसा तिर्न असुविधा भए बाइबल क्वेश्ट अफिस सित सम्पर्क राख्न सक्नेछन्।)

२. प्रत्येक अनलाइन सहभागीहरूले आफ्नो User login ID प्रयोग गरेर अनलाइन बाइबल क्वेश्ट को सिस्टमसंग परिचित बन्नको निम्ति १ नोभेम्बरदेखि उसो Mock Bible Quest Test दिन सक्नेछन्।

**परीक्षाको प्रकारः—**

१. परीक्षा घोषणा गरिएका बि़भिन्न भाषाहरूमा गराइनेछ। त्यहाँ दिइएको धेरै उत्तरहरूबाट सठीक उत्तर चुन्नु पर्नेछ।

२. परीक्षा अनलाइन (मोबाइल फोन/कमप्यूटर द्वारा आ आफ्नो स्थान बाट) र अफलाइन (परीक्षा केन्द्रमा कागजमा लेखेर) हुनेछ।

- सिस्टमले अफलाइन (कागजमा) परीक्षाको निम्ति भिन्नै क्रममा रेजिसट्रेसन नम्बर प्रदान गर्नेछ।

३. अनलाइन परीक्षामा सिस्टमले मूल प्रश्न सूची बाट जथाभावी प्रश्नहरू संयोजन गरेर प्रत्येक व्यक्तिलाई भिन्दाभिन्दै क्रममा प्रश्नहरु प्रस्तुत गर्नेछ ताकि दुईजना सहभागीहरुका प्रश्नहरुका क्रम आपसमा नमिलोस भनेर।

४. अनलाइन परीक्षार्थीहरूले तोकिएको समयभित्र एकपल्टमात्र परीक्षा दिन पाउनेछन्।

५. परीक्षार्थीहरूलाई तोकिएको समय मात्र दिइन्छ। एउटा प्रश्नको समय सकिएपछि त्यो प्रश्न स्वत हराउनेछ अनि अर्को प्रश्न स्क्रीनमा आउनेछ। तपाईंको स्क्रीनमा परीक्षाको रहेको शेष समय पनि देखाइएको हुनेछ, दिइएको समय पश्चात् परीक्षा आफै बन्द हुनेछ।

**परीक्षाको परिणाम एवं पुरस्कार**

१. बाइबल क्वेश्टको परिणाम सहभागीहरुको email द्वारा ठीक समयमा पठाइनेछ।

२. बिभिन्न भाषा अन्तर्गत बिभिन्न उमेर अनुसारका झुण्डहरुका सबै भन्दा धैरै अकं प्राप्त गरेका तीन बिजेताहरूलाई नगद पुरस्कार र प्रमाणपत्र परीक्षा केन्द्र प्रभारीमार्फत पठाइनेछ।

३. प्रत्येक बाइबल क्वेश्टका सहभागीहरूलाई केन्द्र प्रभारी मार्फत अनलाइन लिंकद्वारा सहभगिता प्रमान पत्र पठाइनेछ जो डाउनलोड गरेर प्रिन्ट गर्न सकिनेछ।